नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिँहदरबार, काठमण्डौं

(स्थानीय तह समन्वय शाखा)

प.स. : ०७७।७८

च.न.:

## प्रेस विज्ञप्ति

वालमैत्री स्थानीय शासन स्थानीय तहमा बाल अधिकार सुनिश्चित गर्न ल्याइएको शासकीय अवधारणा हो। यस अवधारणामा बाल अधिकारका चार पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई मुख्य आधारको रुपमा लिइएको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी देवानी संहिता ऐन, २०७४, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा बालबालिका सम्वन्धी राष्ट्रिय नीति, २०६९ बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९, पन्ध्रौं योजना लगायतका कानून, नीति तथा कार्यक्रमहरूमा वाल अधिकारको समग्र पक्षलाई सम्बोधन गर्न विभिन्न व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। उक्त ऐन अनुसार गाउँ /नगरपालिकाले बालमैत्री स्थानीय तह घोषणा गर्ने जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ।

वि.सं. २०६५ देखि साविकका केही नगरपालिका र गाउँ विकास समितिहरूले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेको पाईन्छ। स्थानीय निकायको आफ्नै प्रयासमा भएका त्यस्ता कार्यक्रमहरूबीच एकरुपता तथा सामञ्जस्यता कायम गर्न र स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकार सम्बन्धी सवाललाई मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०६८ तथा वालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ कार्यान्वयनमा ल्याइएको थियो। उक्त रणनीति वमोजिम साविकका स्थानीय निकायको समन्वय र सहकार्यमा बाल अधिकार प्रवर्द्धनको लागि बालक्लव तथा वालसञ्जालको गठन, परिचालन, क्षमता विकास, स्थानीय तहको योजना तर्जुमामा सहभागिता, वालमैत्री पूर्वाधारको विकास एवम् सचेतीकरण जस्ता कामहरू भएका छन्।

राज्यको पुनःसंरचनासँगै प्रदेश सरकार तथा स्थानीय तहको संवैधानिक जिम्मेवारी र नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालीको अभियान पुरा गर्न पन्ध्रौ योजनामा राखिएको दूरदृष्टि तथा दिगो विकास लक्ष्यका सूचकहरू हासिल गर्न सहयोग पुग्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सम्बन्धित सबै सरकारी निकाय, अभियानमा संलग्न साझेदार निकाय र सरोकारवालाको राय तथा परामर्श र विगतको सिकाइ समेतको आधारमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तर्जुमा गरिएको छ।

स्थानीय तहको नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाई बाल अधिकार सुनिश्चित भएको स्थानीय तह निर्माणमा सहयोग पुऱ्याउन यो कार्यान्वयन निर्देशिका तर्जुमा गरिएको छ। शासकीय प्रणाली र सेवा प्रवाहमा बालबालिकाका सवालहरूलाई सम्बोधन हुने गरी स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूबीच एकरुपता ल्याउन र सामञ्जस्यता कायम गर्न तर्जुमा गरिएको यस कार्यान्वयन निर्देशिकाले स्थानीय तहको आवधिक तथा वार्षिक विकास योजना र कार्यक्रममा वालवालिकाका आवश्यकता र सवाललाई प्राथमिकता दिने, सङ्घ, प्रदेश र स्थानीय तहका बालबालिका सम्वन्धी नीति र कार्यक्रमवीच सामञ्जस्यता कायम गर्ने, स्थानीय तहमा निर्माण हुने पूर्वाधार संरचनालाई बालबालिकाको सुविधा अनुकूल बनाउने, विपद् तथा अन्य जोखिययुक्त समयमा सञ्चालन हुने क्रियाकलापमा बालबालिकालाई प्राथमिकतामा राख्ने, वालमैत्री स्थानीय शासनको लागि संस्थागत क्षमता र मानव संसाधन विकासमा सहयोग पुऱ्याउने, बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूबीच समन्वय र सहकार्य गर्दै

Scanned with CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सिँहदरबार, काठमण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.स. : ०७७।७८

च.न.:

वालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा आर्थिक तथा प्राविधिक सहयोग जुटाउने, नेपालको संविधान तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिम बालबालिकाको आवश्यकता अनुसारको सेवाको सुनिश्चितता गर्ने जस्ता वाल अधिकारका विषयलाई स्थानीयस्तरमा संबोधन गर्न निर्देशिकाले सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ।

निर्देशिकाले बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि गैरविभेदीकरण, वालबालिकाको सर्वोत्तम हित, वालबालिकाको सर्वाङ्गीण विकास, बालबालिकाको सहभागिता र विचारको सम्मान, सन्निकटताको सिद्धान्त, समावेशीकरणको सिद्धान्त र समुदायमा आधारित विकासको सिद्धान्त अवलम्वन गरेको छ। साथै सुदृढ, सक्षम र जवाफदेही स्थानीय शासन पद्धति मार्फत वाल अधिकारको सुनिश्चितता गर्ने सोच तथा वि.सं. २०८७ सम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य लिएको छ। मूलप्रवाहीकरण, नीतिगत वकालत पैरवी र सचेतना, संस्थागत विकास, क्षमता विकास, सहकार्य र साझेदारी प्रवर्द्धन, समुदाय परिचालन, सामाजिक जवाफदेहीता र पारदर्शिता, समतामूलक कार्यक्रम, सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन र अनुगमन तथा मूल्याङ्कन जस्ता रणनीति र यस्ता रणनीतिका विभिन्न कार्यनिति कार्यान्वयन निर्देशिकामा राखिएको छ।

पूर्वतयारी चरण, तयारी चरण, नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनको चरण, अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरण र बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र दिगोपनाको चरण बालमैत्री स्थानीय शासन कार्यान्वयनको प्रक्रियाको रुपमा राखिएको छ। बालमैत्री स्थानीय शासनलाई स्थानीय तहको शासकीय अभ्यासमा स्थापित गर्न केन्द्र, प्रदेश तथा स्थानीय तहमा रहने निकायको भूमिका तथा स्थानीय तहमा बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गर्न संस्थागत व्यवस्था गरी तिनको काम, कर्तव्य र अधिकार कार्यान्वयन निर्देशिकाले गरेको छ।

निर्देशिकाले वाल अधिकारको क्षेत्रका वाल वचाऊमा १४, बाल संरक्षणमा १०, बाल विकासमा ६, बाल सहभागितामा ६ तथा संस्थागत विकासका १५ गरी कूल ५१ सुचकको व्यवस्था गरी तोकिएको अंक प्राप्त गर्ने वडा तथा स्थानीय तहलाई बालमैत्री वडा, वालमैत्री उन्मुख वडा, बालमैत्री स्थानीय तह, बालमैत्री उन्मुख स्थानीय तह, वालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह तथा बालमैत्री तटस्थ स्थानीय तहको रुपमा घोषणा गर्न सक्ने व्यवस्था कार्यान्वयन निर्देशिकाले गरेको छ।

उल्लिखित मुख्य व्यवस्था सहितको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूबाट मिति २०७८।०३।२७ मा स्वीकृत गरी सबै स्थानीय तहमा पठाइएको छ। साथै निर्देशिकाको विद्युतीय प्रति मन्त्रालयको वेवसाइटमा समेत राखिएको छ।

..................

(वसन्त अधिकारी)

सहसचिव एवम् प्रवक्ता

Scanned with CamScanner